## बैठक संख्या ४

आज मिति २०८२/०६/०५ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितीमा बसी देहाय बमोजिम निर्णय पारित गरियो ।

### उपस्थिती

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २. | श्री शान्ती नाथ | सदस्य | |
| ३. | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४. | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५. | श्री दुर्गा प्रशाद चौधरी | सदस्य | |
| ६. | श्री विर बहादुर खडका | सदस्य | |
| ७. | श्री ईन्द्र बहादुर खडका | सदस्य | |
| ८. | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९. | श्री हर्कमती पाध्या | सदस्य | |
| १० | श्री तारा देवी गिरी | सदस्य | |
| ११. | श्री बसन्ती देवी सुनार | सदस्य | |
| १२. | श्री चेतराम माली | सदस्य | |
| १३. | श्री मीना सुनार | सदस्य | |
| १४. | श्री रामकृष्ण वि.क. | सदस्य सचिव | |

CamScanner

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या ४/२०८२/०८३ मिति २०८२/०६/०५ गते

**प्रस्ताव नं.१:- अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१:-**प्रस्ताव नं. १ माथि छलफल हुँदा रिट/ निवेदक राम प्रशाद बोहरा समेतले उत्प्रेषण, परमादेश लगायत उपयुक्त आदेश जारी गरि पाउँ भनि सुदूरपश्चिम प्रदेश सभा धनगढी कैलाली, सुदूरपश्चिम प्रदेश सरकार,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कर्यालय,धनगढी कैलाली ऐ.ऐ. आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी कैलाली, बेलडाँडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बेलडाँडी कंचनपुर, जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दुर्गौली कैलाली, लेकम गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रातामाटा दार्चुला, कृष्णपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय गुलरिया कंचनपुर, दिपायल सिलगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिलगढी डोटी समेतलाई विपक्षी बनाई सम्मानीत सर्वोच्च अदालतमा रिट नं. ०८२-WO-०२३७ बाट उत्प्रेषण माग दावि गरी दर्ता गरेको रिट निवेदनमा यस बेलडाँडी गाउँपालिका समेतका नाउँमा मिति २०८२/०५/२३ गतेका दिन १५ दिनभित्र आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनि म्याद तामेल भएकोले उक्त तामेली म्याद भित्रै सम्मानीत सर्वोच्च अदालतमा लिखित जवाफ दर्ता गर्न जिल्ला कंचनपुर बेलौरी नगरपालिका वडा नं. १० घर भई हाल जिल्ला काठमाण्डौं, का.म.न.पा. वार्ड नं. २९ बस्ने केशव दत्त जोशीको छोरा वर्ष २५ को संजीव जोशी (ना.प्र.प.न.७५-०१-७७-०६१६५) लाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.२:- तह वृद्धि/तह मिलान गर्ने सम्बन्धमा ।**

**निर्णय नं.२:-**प्रस्ताव नं. २ माथि छलफल हुँदा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ९ बमोजिम बेलडाँडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बेलडाँडी कंचनपुरमा कार्यरत तपशिलका स्थायी कर्मचारीहरुलाई तपशिल अनुसार तह वृद्धि/तह मिलान गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपशिलः-

| क्र. सं. | कर्मचारीको नाम, थर | क.सं. नं. | साविकको पद/तह/ सेवा/समूह/उपसमूह | तह वृद्धि/तह मिलान गरिएको पद/तह/सेवा/ समूह/उपसमूह | तह वृद्धि/ तह मिलान | जेष्ठता लागु हुने मिति |
|---|---|---|---|---|---|---|
| १. | श्री भानुभक्त जोशी | २०४१२५ | शाखा अधिकृत/ अधिकृतस्तर सातौं/ शिक्षा/शिक्षा प्रशासन/ निरिक्षण | शाखा अधिकृत/ अधिकृतस्तर आठौं/ शिक्षा/शिक्षा प्रशासन/ निरिक्षण | तह वृद्धि | २०८०/०८/१६ |
| २. | श्री सिद्वराज भट्ट | १७०६०२ | अधिकृत (प्रा.)/ अधिकृतस्तर छैठौं/ कृषि/भेटेरीनरी | अधिकृत (प्रा.)/ अधिकृतस्तर सातौं/ कृषि/भेटेरीनरी | तह मिलान | २०७६/०२/०१ |
| ३. | श्री राज बहादुर विष्ट | १७४४७५ | अधिकृत/अधिकृतस्तर छैठौं/प्रशासन/सामान्य प्रशासन | अधिकृत/अधिकृतस्तर सातौं/प्रशासन/सामान्य प्रशासन | तह मिलान | २०७५/११/०६ |

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner